बैठक सं- ४

आज मिति २०७४/०३/२४ गते यस बारेकोट गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाह ज्यू को अध्यक्षतामा बसेको बारेकोट गाउँकार्यपालिकाको बैठकबाट तपशिलका निर्णयहरु पारित गरियो।

उपस्थिति

(१) श्री महेन्द्र बहादुर शाह - गाउँपालिका अध्यक्ष
(२) श्री ओमा शाही - गाउँ पालिका उपाध्यक्ष
(३) श्री अजवीर सिंह - वडा अध्यक्ष
(४) श्री लालमल्ल सिंह - वडा अध्यक्ष
(५) श्री मनबहादुर शाही - वडा अध्यक्ष
(६) श्री सिर्जना वस्नेत - वडा अध्यक्ष
(७) श्री बसन्त शाही - वडा अध्यक्ष
(८) श्री शम्भुराम गौतम - वडा अध्यक्ष
(९) श्री तिलु महतारा - वडा अध्यक्ष
(१०) श्री कर्ण कामी - वडा अध्यक्ष
(११) श्री द्वारिका प्रसाद बुढा - वडा अध्यक्ष
(१२) श्री चुनवीर कामी - वडा सदस्य
(१३) श्री रत्नबहादुर परियार - वडा सदस्य
(१४) श्री सिर्ता सार्की - वडा सदस्य
(१५) श्री सुन्दरी सार्की - वडा सदस्य
(१६) श्री भुमिता पुन (घर्ति) - वडा सदस्य
(१७) श्री देउमा बुढा - वडा सदस्य
(१८) श्री अमर बहादुर घर्ति - सदस्य, सचिव
(१९) श्री बिन बहादुर शाह - प्रशासन सहायक (आमन्त्रित)

प्रस्तावहरु

(१) बारेकोट गाउँपालिकाको गाउँसभा कार्यसंचालन कार्यविधि २०७४ पारित सम्बन्धमा।
(२) बारेकोट गाउँपालिकाको आर्थिक ऐन २०७४ स्वीकृत गरी गाउँसभा समक्ष अनुमोदनका लागि सिफारिस सम्बन्धमा।
(३) बारेकोट गाउँपालिकाको विनियोजन ऐन २०७४ स्वीकृत गरी गाउँसभा समक्ष अनुमोदनका लागि सिफारिस सम्बन्धमा।
(४) बारेकोट गाउँपालिकाको आ० व० २०७४/०७५ को वार्षिक नीति तथा कार्यक्रमलाई स्वीकृत सम्बन्धमा।
(५) बारेकोट गाउँपालिकाको आ० व० २०७४/०७५ को एकिकृत योजना तर्जुमा सम्बन्धमा।

२०७५।०३।२६
कार्यकारी अधिकृत

निर्णय नं. १

प्रस्ताव नं. १ माथी व्यापक छलफल गर्दा बारेकोट गाउँपालिकाको गाउँसभा कार्यसञ्चालन कार्यविधि २०७५, सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो।

निर्णय नं. २

प्रस्ताव नं. २ माथी व्यापक छलफल गर्दा बारेकोट गाउँपालिकाको आर्थिक ऐन २०७५, गाउँ कार्यपालिकाबाट सर्वसम्मत स्वीकृत गरी गाउँसभा मा अनुमोदनका लागि सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथी व्यापक छलफल गर्दा बारेकोट गाउँपालिकाको विनियोजन ऐन २०७५, गाउँ कार्यपालिकाबाट स्वीकृत गरी गाउँ सभामा अनुमोदनका लागि सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथी व्यापक छलफल गर्दा यस बारेकोट गाउँपालिकाको आ.व. २०७५।०७६ को वार्षिक नीति तथा कार्यक्रमलाई सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गरियो। साथै यस गाउँपालिका उपाध्यक्ष श्री ओमा शाही मार्फत कार्यपालिका सदस्य श्री बसन्त शाही द्वारा प्रस्तुत बजेट बक्तव्य सर्वसम्मती बाट पास गरि गाउँ सभाबाट अनुमोदन का लागि सिफारिस गर्ने निर्णय गरियो।

२०७५।०३।२६
कार्यकारी अधिकृत

क्रमशः

बारेकोट गाउँपालिका

# बार्षिक योजना,नीति तथा कार्यक्रम

## क्षेत्रगत बजेट सीमा निर्धारण

### (क) आर्थिक विकास तर्फ

१. कृषि, पशु

- व्यवसायिक कृषि तथा पशुपालनलाई प्रवर्द्धन गर्नको लागि पकेट क्षेत्रको अवधारणा वमोजिम कार्यक्रम कार्यान्वय गर्दै कृषि र पशु बिमालाई विस्तार, प्रचार प्रसार गरी कार्यान्वयन गरिनेछ । साथै उन्नत जातको पशु पन्छी पालन तथा उन्नत जातको कृषि खेतीलाई प्रयोगमा ल्याईनेछ ।
- गाउँपालिकाको संभावनालाई दृष्टिगत गरी जडिबुटी खेती, च्याउ, बेमौसमी तरकारी, फलफुल खेती, मह, अल्लो, ऊन, घिउ, पशुपालन, कुखुरापालन जस्ता क्षेत्रको व्यवसायीकरण गर्न जोड दिइनेछ ।
- गाउँपालिकास्तरमा खपत हुने फलफूल, अन्नवाली, तरकारी खेती र नगदेवालीलाई प्रवर्द्धन गरी आधुनिक कृषि प्रणाली एवं व्यवसायीकरणलाई जोड दिइने साथै गाउँपालिकालाई आत्मनिर्भर बनाई निर्यातका लागि प्याकेजमा कार्यक्रम निर्माण गरिनेछ ।
- साना तथा मझौला उद्योग स्थापनाका गर्न विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- आधुनिक कृषि प्रणालीमा जोड दिनका लागि उपयुक्त कार्यक्रम तय गरी तालिम संचालन, विउ विजन खरिद, मल खरिद, आधुनिक सिंचाई प्रविधिको प्रयोग गर्नुका साथै उन्नत जातका राँगा, बोका, घोडा, गधा, बंगुर, वहर, कुखुरा, हाँस, असला माछा, ट्राउट माछापालन लगायत अन्य उन्नत जातका पशुपन्छी खरिदमा विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- हावापानी अनुकुल हुने गरी जर्सीगाई, दुधालु भैसी पालन व्यवसायलाई प्रवर्द्धन गरी बारेकोट पालिका भित्र आवश्यकता पहिचान गरी विभिन्न स्थानमा दुग्ध डेरी संचालन गर्ने व्यवस्था मिलाईनेछ ।
- उत्पादन हुने क्षेत्र पहिचान गरी अदुवा, बेसार, खुर्सानी, टिमुर, आलु, पिडालुको गावा, लसुन, स्याउ, दाँते ओखर, किवी, कागती, सुन्तला, केरा, बुद्धचित्त, बदाम लगायतका नगदेवाली तथा फलफुलको व्यावसायिक खेती संचालन गर्न विशेष कार्यक्रम लागू गरी अनुदानको व्यवस्था गरिनेछ ।
- एक घर एक करेसा वारी कार्यक्रम अनिवार्य लागू गरिनेछ ।
- एक वडा एक कृषि प्राविधिक र एक वडा एक पशु प्राविधिक राख्ने नीतिलाई यसै आव बाट संचालनमा ल्याईनेछ ।

२. उद्योग तथा वाणिज्य

- बारेकोट भित्र फलाम खानी, काठ उद्योग, राडी पाखी बुनाईको व्यावसायिक उद्योग, अल्लोबाट निर्मित सामाग्रीको व्यावसायिक उद्योग, नेपाली हाते कागज उद्योग, निगालोबाट निर्माण हुने सामाग्रीको व्यावसायिक उद्योग, कुटानी पिसानी सम्वन्धी उद्योग, सावुन उद्योग, फलामका औजार निर्माण सम्वन्धी उद्योग, लालीगुरास फुलबाट उत्पादन हुने जुस उद्योग जस्ता यस क्षेत्र भित्र संचालन हुने लघु तथा मझौला उद्योग कलकारखाना संचालनका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी अनुदानको व्यवस्था गरिनेछ ।
- गरिवी न्यूनिकरणका लागि संचालन गर्न सकिने थप लघु उद्यमहरुको स्थापना तथा विस्तारमा आवश्यक सहयोग पुर्‍याउदै आय आर्जन अभिबृद्धि गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्र हुनेसिस्नोको संरक्षण गरी पाउडर उद्योग स्थापना गरी प्रवर्द्धनका लागि अनुदानको व्यवस्था गरिनेछ ।

३. पर्यटन

- गाउँपालिका पर्यटन गुरुयोजना र पर्यटन नक्शा निर्माण गरी कार्यक्रम संचालन गरिनेछ ।
- बारेकोटमा लोप हुन लागेको परम्परागत कला, संस्कृतिहरुको विकास गर्नको लागि विभिन्न खालको क्रियाकलापहरु संचालन गरिनुका साथै निकट भविष्यमा नै बारेकोटको ऐतिहासिक संस्कृतिक, धार्मिक मठ मन्दिर, प्राकृतिक सम्पदा, बारेकोटी जीवनशैली झल्किने खालको वृत्तचित्र, संगीत निर्माण गरि राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने व्यवस्था मिलाईनेछ ।

कार्यकारी अधिकृत

- वडा नम्वर १ देखि ९ सम्मका नदी, झरना, ताल तलैया, हिमाल, तीर्थ स्थल, पाटन तथा अन्य पर्यटनका दृष्टिकोणले महत्वपूर्ण स्थानको पहिचान गरी तिनको महत्व झल्किने खालका कार्यक्रम संचालन गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।
- संभावित पर्यटन पदमार्गहरुको पहिचान तथा नक्सांकन गरी निर्माण तथा प्रचार प्रसारलाई थालनी गरिनेछ ।
- एक वडा एक वस्तीलाई त्यहाँको विशिष्टिकरणका आधारमा नमूना वस्ती घोषणा गर्न कार्यविधि तयार गरी यसै आव वाट लागू गरिनेछ ।

### ४. सहकारी

- एक वडा एक सहकारी कार्यक्रमलाई कार्यान्वयनमा ल्याईनेछ ।
- सहकारी संचालन सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालनमा ल्याईनेछ ।
- हाल संचालित सहकारी संस्थाहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रम तय गरी अनुदानको व्यवस्था मिलाईनेछ ।
- कृषक समूह, उद्यमी समूह, महिला, स्थानीय उद्यमी तथा व्यापारीलाई सहकारीमा आवद्ध गरी उद्यम सिर्जना, विकास, उत्पादन वृद्धि र बजारीकरणमा जोड दिइनेछ ।

### ५. वित्तिय क्षेत्र

- पालिका भित्र वाणिज्य वैंक स्थापनाका लागि यसै आव भित्र आवश्यक प्रक्रिया अघि वढाईनेछ ।
- बारेकोट गाउँपालिकाको आर्थिक ऐन अनुसार पालिका भित्रको विभिन्न क्षेत्रवाट संकलन गरिने करलाई व्यवस्थापन गरी कडाईका साथ लागू गरिनेछ ।

## (ख) सामाजिक विकास तर्फ

### १. शिक्षा

- गाउँपालिकाको निरक्षरता उन्मुलनका लागि यस क्षेत्रमा क्रियाशिल संस्थाहरुको सहयोगमा साक्षरता अभियान संचालन गरी वडाहुँदै गाउँपालिकालाई साक्षरता गाउँपालिका घोषणा गर्ने कार्य भैसकेको हुँदा उक्त घोषणालाई दिगो र अर्थपुर्ण वनाउन पुर्ण साक्षर उन्मुख थप कार्यक्रमहरु संचालन गरिनेछ ।
- गुणस्तरीय शिक्षा पाउने हकलाई सुरक्षित गर्न नियमित अनुगमनमा विशेष जोड दिइनेछ ।
- सार्वजनिक तथा सामुदायिक विद्यालयहरुको भौतिक सुधारलाई निरन्तरता दिदै आवश्यकता अनुसार थप अनुदानको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको शैक्षिक वातावरणमा प्रतिकूल प्रभाव पार्ने शिक्षकहरुको राजनैतिक दलहरुसँगको प्रत्यक्ष आवद्धता अन्त्यको लागि ठोस कदम चालिनेछ ।
- वारेकोट पालिका भित्र प्राविधिक तथा व्यावसायिक शिक्षालय स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।
- माविका प्रअ, लेखापाल, निमाविका र प्राविका प्रअलाई लेखा प्रशासन व्यवस्थापन तालिम संचालन गर्नुका साथै शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने खालका विभिन्न क्षमता विकास सम्बन्धीका तालिमहरु संचालन गरिनेछ ।
- वारेकोट पालिका भित्र स्नातक तहको क्याम्पस संचालन गर्न आवश्यक प्रक्रिया अघि वढाईनेछ ।
- वारेकोट पालिका भित्र एक वडामा एक मावि अनिवार्य स्थापना आवश्यक प्रक्रिया अघि वढाईनेछ ।
- विद्यार्थी संख्याको अनुपातमाशिक्षक दरवन्दी हेरफेर गरी नयाँ दरवन्दी स्थापना गर्न आवश्यक प्रक्रिया अगाडी वढाईनेछ ।
- हाम्रो आमा आफ्नो सन्तानको सपना केमा भन्ने कार्यक्रम लागू गरी विद्यार्थीको पहिलो विद्यालय घर नै हो शैक्षिक सुधारको वातावरण घरवाटै शुरु गर्नुपर्छ भन्ने भावना वोकेको **आमा शैक्षिक परामर्श कार्यक्रम** संचालन गरिनेछ ।
- राज्यले प्रदान गर्ने शैक्षिक छात्रवृतिका अतिरिक्त बारेकोट पालिकाले आवश्यक ठानेमा नयाँ छात्रवृति कोष स्थापनाका गर्नुका साथै यस गाउँपालिकाबाट यस आव देखि डाक्टर, ईन्जियर र पाईलट अध्ययन गर्न चाहने विद्यार्थीहरुलाई आवश्यक कार्यविधि तयार गरी क्याम्पसमा लाग्ने कुल शैक्षिक शुल्कको बढीमा ३० प्रतिशत सम्म छात्रवृति व्यहोर्ने गरी व्यवस्था मिलाईनेछ ।

- बारेकोट गाउँपालिकाको शैक्षिक स्तर उकास्न, व्यवसायिक तथा गुणस्तरीय शिक्षा संचालन गरी भौतिक पूर्वाधार समेत सुधार ल्याउनका लागि निश्चित समयका लागि एक अधिकार सम्पन्न शिक्षा समिति गठन गरी कार्यसंचालन गर्नका लागि कार्यविधि निर्माण गर्ने नीति लिएको छ।

२. **स्वास्थ्य:**

- स्वास्थ्य क्षेत्रमा सर्वसाधारणको पहुँचमा सहज तुल्याउने नीतिलाई निरन्तरता दिइनेछ।
- अस्पताल, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिकमा भौतिक पूर्वाधार विकास र उपकरणहरुको स्तरवृद्धि गर्दै स्वास्थ्य सेवालाई समयानुकुल गुणस्तरीय बनाउन पहल गरिनेछ।
- भुगोल र जनसंख्याको अनुपातमा थप नयाँ स्वास्थ्य चौकी स्थापनाका लागि पहल गरिनेछ।
- सरोकारवालाहरुको सहकार्यमा घुम्ती स्वास्थ्य शिविर संचालन गर्ने नीति लिइनेछ।
- प्रजनन् स्वास्थ्य सम्वन्धी सेवा सुदृढिकरणमा जोड दिदै स्वास्थ्य संस्थाहरुमा प्रसुती सेवालाई अभिवृद्धि गर्न राज्यले प्रदान गरेको सुत्केरी भत्तामा थप प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।
- महिलाहरुको आङ्ग खस्ने समस्या यस गाउँपालिकामा अत्यधिक रहेकोले सो को उपचारमा सहयोग पुर्‍याउन माया कोष कार्यक्रम संचालन गरिनेछ।
- गरीव, विपन्न, असहाय, अशक्त तथा पिछडिएका जाति तथा समुदायका जनताको वास्तविक अवस्थालाई पहिचान गर्ने कार्यविधि तयार गरी ठुलो रकम खर्च गर्नुपर्ने रोगका लागि केही सहायता पुऱ्याउने उद्देश्यले **आकस्मिक स्वास्थ्य कोष** खडा गरिनेछ।
- बारेकोट गाउँपालिकामा आयूर्वेद औषधालय स्थापना तथा संचालनका लागि आवश्यक प्रक्रिया अगाडी वढाईनेछ।
- प्रसुती गृहको विस्तार, व्यवस्थापन र सुदृढिकरणमा जोड दिइनेछ।
- मातृ तथा शिसु स्वास्थ्य सुरक्षा सम्वन्धी विशेष कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य स्वंयम सेविकाहरुको लगनसिलता र क्षमतालाई कदर गर्दै प्रोत्साहन वापत केही सेवा सुविधा उपलव्ध गराउने व्यवस्था मिलाईने छ।
- आमा समुहहरुको क्रियासिलता र भूमिकालाई प्रभावकारी वनाई समन्नुत समाज निर्माणका लागि प्रेरित गरिनेछ।
- किशोर किशोरी स्वास्थ्य शिक्षा तथा प्रजनन स्वास्थ्य सम्वन्धीका कार्यक्रमहरु संचालन गरिनेछ।
- यौन रोग नियन्त्रण सम्वन्धी विभिन्न कार्यक्रमहरु संचालनमा ल्याईनेछ।
- तीन वर्ष भित्र धुँवा मुक्त गाउँपालिका बनाउन यसै आर्थिक वर्षवाट शुरुवात गर्ने गरी सुधारिएको चुल्हो खरिद गर्न आवश्यक कार्यविधि तय गरी वढीमा ४० प्रतिशत सम्म अनुदान उपलब्ध गराउने कार्यक्रम संचालनमा ल्याईनेछ।
- सतप्रतिशत वालवालिकाहरुले पूर्ण खोप पाएको सुनिश्चितता र निरन्तरता दिदैं पूर्ण खोपयुक्त वडा घोषणा अभियानलाई तिव्रताका साथ संचालन गर्ने नीति अवलम्वन गरिनेछ।
  - एक घर एक करेशावारी अभियान संचालनमा ल्याईनेछ।
  - घर अलग, गोठ अलग बनाउने कार्यक्रमलाई प्रोत्साहन गर्दै पाँच वर्ष भित्र पूर्णरुपमा लागू गरिनेछ।
  - पूर्ण सरसफाईयुक्त गाउँ टोल वनाउने अभियानलाई विशेष प्राथमिकतामा राखि चेतनामुलक कार्यक्रम संचालनमा ल्याईनेछ।
  - सुर्तीजन्य पदार्थ, मदिरा, तास मुक्त नमुना वस्ती नमूना निर्माण गर्ने वडा या वस्तीलाई पुरस्कृत गर्दै माग वमोजिम विशेष विकासे कार्यक्रम संचालनमा ल्याईनेछ।
  -

३. **खानेपानी तथा सरसफाई**

- प्रत्येक नागरिकलाई स्वच्छ खानेपानीको सुविधावाट वञ्चित हुन नदिनका लागि खानेपानी तथा सरसफाई सम्वन्धी विशेष गुरुयोजना संचालन गरी पाँच वर्ष भित्र एक घर एक धारा कार्यक्रमलाई पुर्णता दिने लक्ष्य लिइएको छ।
- विगतमा निर्माण भै संचालनमा रहेका खानेपानी आयोजनाहरुको समयानुकूल मर्मत संभारको व्यवस्था गरी त्यसको दीगोपनाको लागि सम्वन्धित उपभोक्ताहरुलाई जिम्मेवार वनाई मर्मत संभार कोषको व्यवस्था गरिनेछ।
- पूर्ण सरसफाई रणनीतिक योजनाको कार्यान्वयनद्धारा बारेकोटगाउँपालिकालाई पुर्ण सरसफाईयुक्त गाउँपालिका घोषणा गरी सो कार्यलाई निरन्तरता दिईनेछ।

- एक घर एक शौचालयको अभियान अगाडी वढाईनेछ साथै विपन्न परिवारको अवस्था पहिचान गरी शौचालय निर्माणलाई अनुदानको व्यवस्था समेत तर्जुमा गरिनेछ।
- निश्चित समयावधिका लागि, वारेकोट गाउँपालिका भित्र पूर्णरुपमा स्वच्छ खानेपानी आपुर्ति तथा सरसफाईयुक्त वातावरण निर्माणका लागि एक अधिकार सम्पन्न खानेपानी तथा सरसफाई विकास समिति निर्माण गरी संचालन गर्नका लागि तत्काल एक कार्यविधि निर्माण गर्ने नीति लिईएको छ।

## ४. संस्कृति प्रवर्द्धन

- ऐतिहासिक तथा प्रसिद्ध शक्ति पीठहरु, तीर्थ स्थलहरुको संरक्षण गरी मन्दिर, धर्मशाला, वाटो निर्माणलाई प्राथमिकतामा राखिनेछ।
- विभिन्न जातजाती, धर्म संस्कृति र परम्परामा आधारित मठमन्दिर, गुम्बा, चर्च, मस्जिद जस्ता सम्पदाको निर्माण, मर्मत, सम्भार, धामी भाँक्रीको भेषभुषा (पोशाक) को संरक्षण र तिनीहरुको असल रितीरिवाजको प्रवर्द्धन गरिनेछ।
- गाउँपालिकाको कला संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्दै पर्यटन विकास गर्न पर्यटन पूर्वाधारको विकास गर्ने नीति अवलम्वन गरिनेछ।
- पौराणिक तथा ऐतिहासिक देवस्थलहरुमा लाग्ने मेला, पर्व तथा विभिन्न चाडपर्वमा मनाईने परम्परागत सांस्कृतिक पर्वहरुलाई संरक्षण तथा सम्वर्द्धन गरिनेछ।
- एक गाउँ एक रंग, नौ वडा नौ रंगको अवधारणाअगाडी वढाईने छ।

## ५. लैंगिक समानता तथा साजिक समावेशीकरण

### १. महिला :

- निर्णय प्रक्रिया र आयोजना तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन र अनुगमन/मुल्यांकन प्रक्रियामा महिलाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैगिक तथा घरेलु हिंसा न्यूनिकरणमा जोड दिइनेछ।
- लैगिक वजेट परीक्षण, लैगिक समानता तथा सामाजिक समावेशीकरणकोव्यवस्थालाई कार्यान्वयनमा जोड दिइनेछ।
- महिला समुहहरु तथा महिलाद्धारा संचालित सहकारी संस्थाहरुको क्षमता विकासमा जोड दिइनेछ।
- विद्यालय विमुख किशोरीहरुलाई अनौपचारिक तथा विशेष शिक्षा कार्यक्रममा सहभागी गराउन पहल गरिनेछ।
- महिला प्रजनन् स्वास्थ्य सम्वन्धी कार्यक्रम संचालनका लागि सम्वन्धित निकायहरुसँग समन्वय गरी कार्यक्रम संचालन गरिनेछ।
- महिला स्वयंसेविकाहरुको कार्यलाई प्रोत्साहित गर्दै प्रजनन् स्वास्थ्य सुदृढिकरणमा जोड दिइनेछ।
- महिला हिंसा न्युनिकरण, वालविवहा न्युनिकरण तथा महिला-महिला विचको आपसि सदभाव कायम गर्ने खाल्का सचेतना मुलक प्रभावकारी कार्यक्रमको तर्जुमा गरि संचालनमा ल्याइने छ।

### २. बालबालिका

- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ तथा कार्यान्वयन कार्यविधि २०६८ बमोजिम बालमैत्री गाउँपालिका घोषणाका लागि वालवालिकाहरुको रणनीतिक योजना अनुरुप कार्यक्रमहरु संचालन गर्न सरोकारवाला निकायहरुको ध्यानाकर्षण र आवश्यक समन्वय गरिनेछ।
- वालवालिका माथी हुने हिंसा, दुर्व्यवहार तथा शोषणलाई न्यूनिकरण गर्ने नीति अवलम्वन गरिनेछ।
- प्रारम्भिक वालविकास केन्द्रको व्यवस्थापनमा गुणस्तरीय सुधार ल्याउन वडाहरुलाई क्रियाशिल बनाइनेछ।
- विद्यालय, समुदायस्तरमा गठन भएका र वडा स्तरमा गठन भएका बाल संजालहरुलाई क्रियाशिल बनाइनेछ।
- वालविकास केन्द्रहरुको प्रवर्द्धनको लागि बजेट व्यवस्था गरी वाल विकास केन्द्रहरुलाई सुदृढ गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।
- वालबालिकाहरुलाई पूर्ण शिक्षाको पहुँचमा ल्याउन घरदैलो अभियान संचालन गरिनेछ।
- परम्परागत पेसा गर्दै आएका पिछडिएका जातजाति तथा समुदायका बालबालिकाको पहिचान गरि शिक्षाको पहुच भित्र्याइने विशेष कार्यक्रम संचालन गरिने छ।
- वाल क्लव तथा आमा समुह गठन तथा संचालनलाइ प्रोत्साहित गरिनेछ।

### ३. उपेक्षित, उत्पीढित, दलित वर्ग, आदिबासी/जनजाति

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नायकवाडा, जाजरकोट
६ नं. प्रदेश, नेपाल
२०७३

२०७५/०३/२६
कार्यकारी अधिकृत

- दलित, महिला, आदिबासी, जनजाती, विपन्न वर्ग एवं बेरोजगार युवाहरुलाई प्रत्यक्ष लाभ पुग्ने खालका, वातावरण मैत्री, सिपमूलक, उद्यमशिलता विकास एवं रोजगारमूलक कार्यक्रमहरुको तर्जुमा गरी केही अनुदान सहित प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाईनेछ।
- गाउँपालिका भित्र रहेका अपांग व्यक्तिहरुको लगत अद्यावधिक गरिनेछ। र त्यस्ता व्यक्तिहरुलाई सहयोग पुग्ने खालका सामाग्रीहरुको लागि सहयोगी संस्था समेतको खोजी गरी व्यवस्था गर्दै जाने नीति लिइनेछ।
- विपन्न दलित, उत्पीडित, आदिबासी/जनजातीहरुको छात्रवृतिको लागि गाउँपालिका स्तरीय छात्रवृत्ति कोष संचालन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइनेछ। उपेक्षित, उत्पीडित दलितवर्ग, आदिवासी, जनजाती, दलितहरुको परम्परागत सीप तथा पेशालाई आधुनिकीकरण गर्दै नयाँ सीप तथा स्वरोजगारमूलक कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- कथित छुवाछुत प्रथालाई सदाको निमित्त अन्त्य गर्न वडा अनुसार जागरण अभियान संचालन गरिनेछ।
- दलित, अति विपन्न तथा सुकुम्बासीहरुलाई घर आवास कार्यक्रम संचालनमा ल्याईनेछ।
-

४. **फरक क्षमता भएका व्यक्ति**

- फरक क्षमता भएका व्यक्तिहरुको क्षमता विकासको लागि गाउँपालिकाको आन्तरीक आयवाट केही रकम विनियोजन गरि कार्यक्रम संचालन र कार्यान्वय गरिनेछ।
- अपांगता भएका व्यक्तिहरुलाई आत्मनिर्भर बन्न सहयोग पुग्ने खालका कार्यक्रम संचालन गरिनेछ। साथै विकास निर्माणका कार्यक्रमहरु संचालन गर्दा अपांगमैत्री अवधारणालाई ध्यानमा राखिनेछ।
- सबै निकायहरुमा भौतिक संरचना निर्माण गर्दा अपांगमैत्री बनाउन उत्प्रेरित गरिनेछ।
- यातायात सेवामा फरक क्षमता भएका व्यक्तिहरुको सम्मानजनक पहुँचका लागि विभिन्न सरोकारवाला संस्थाहरुको साझेदारीमा चेतना अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ।
- फरक क्षमता भएका व्यक्तिहरुको लागि सशक्तिकरणका कार्यक्रमहरु संचालन गर्नुका साथै समुदायमा आधारित पुनर्स्थापना गर्ने कार्यलाई विशेष जोड दिइनेछ र अपांगता सम्वन्धी कार्यक्रम संचालनका लागि गाउँपालिकामा एक कोषको व्यवस्था गरिनेछ।
- क र ख श्रेणीसम्मकाअपागंता भएका बालवालिकाहरुलाई १२ कक्षा सम्म निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

७. **ज्येष्ठ नागरीक**

- ज्येष्ठ नागरिकहरुको जीवन सहज, सुरक्षित र सम्मानित गराउने नीतिलाई अवलम्वन गरिनेछ।
- ज्येष्ठ नागरिकहरुको शिक्षा, मनोरञ्जन, अध्यात्मिक चिन्तन र एक अर्काका भावना आदान प्रदान गर्न तथा समाजमा उनीहरुको जीवनलाई मर्यादित बनाउन सरकारी, गैरसरकारी, सहकारी, निजि तथा स्थानीय संघ संस्थाहरुको समन्वय र सहकार्यमा विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- ज्येष्ठ नागरिक स्वास्थ्य उपचार सेवा कार्यक्रम संचालन गरी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाईनेछ।
- एकल महिला, एकल पुरुष तथा सहिद परिवारका सन्तानहरुलाई १२ कक्षा सम्म निशुल्क शिक्षा प्रदान गरिने नीति लिईनेछ।
- बृद्ध बृद्धाहरुका लागि भजन कृतन तथा पार्क स्थल पहिचान गरी सो स्थलमा बृद्ध बृद्धा मैत्री भजन कृतन गृह तथा आवास निर्माण गर्ने नीतिलाई प्राथमिकतामा राखिनेछ।
- बृद्ध बृद्धाहरुको अवस्था पहिचान गरी निशुल्क उपचार तथा उपचार भत्ता प्रदान गर्न एक कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

- सामाजिक सुरक्षा भत्ता प्राउनेहरुको अभिलेख अद्यावधिक गरि यस विषयमा आउने गरेका गुनासा तथा दुरुपयोगका घटनाहरुलाई पूर्ण नियन्त्रण गर्ने नीति अवलम्वन गरी सामाजिक सुरक्षा बापतको रकम घर घरमा पुगेर बुझाउने व्यवस्था तर्जुमा गरिनेछ।
- आगामी आ.व. देखि गाउँपालिका भित्र सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत उपलव्ध गराउन आवश्यक पहल गरिनेछ।
- ६० वर्ष भन्दा माथिका वृद्ध वद्धाहरुको तथ्यांक संकलन गरी भत्तावाट बन्चित रहेकाहरुका लागि आवश्यक भत्ता, पोशाक तथा उपचारको व्यवस्था गरिनेछ।
- ५० वर्ष भन्दा माथिका निसन्तान दम्पतीहरुको तथ्यांक संकलन गरी आवश्यकता अनुसार राहतको कार्यक्रम ल्याईनेछ।
-

९. **गैरसरकारी संस्था :**

- विभिन्न क्षेत्रमा कार्यरत गैससहरुको तथ्यांकलाई अद्यावधिक गर्दै ती क्षेत्रको कार्यलाई थप व्यवस्थित, उपलब्धीमूलक र दोहोरोपना हुन नदिन साथै उक्त संस्थाहरुको कर्मचारी व्यवस्थापनलाई पारदर्शी र समावेशी बनाउन NGO Deskलाई क्रियाशील गराई कार्यान्वयनमा ल्याइनेछ ।
- गैससको नवीकरण तथा कामको सिफारिस गर्दा, कार्यक्रमसँग सम्बन्धित विषयगत कार्यालयको सिफारिसमा मात्र गर्ने नीति लिइएको छ ।
- गैससले संचालन गरेका कार्यहरुको सघन अनुगमन गरिने नीति अवलम्बन गरिनेछ ।
- सामाजिक परीचालनलाई समाज रुपान्तरणको प्रमुख आधारको रुपमा लिई सबै वडाहरुमा निरन्तरता दिइनेछ ।
- वैदेशिक सहयोग प्राप्त आयोजनाहरुको हकमा नेपाल सरकारको वैदेशिक सहायता नीति दातृ निकायसँग भएको सम्झौता अनुरुप हुनेगरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।
- गैरसरकारी संघ संस्थाबाट संचालन हुने कार्यक्रममा एकद्वार नीति लागू गरी कार्यक्रममा आवश्यक पर्ने जनशक्ति पालिका भित्रबाटै व्यवस्थापन हुने गरी प्राथमिकता निर्धारण गरिने छ ।

१०. युवा तथा खेलकुद

- समाज विकासको सबै भन्दा महत्वपूर्ण शक्तिका रुपमा रहेको यूवाहरुका लागि स्वरोजगारमूलक सीप तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने नीतिलाई अवलम्बन गरी तर्जुमा गरिएका कार्यक्रमहरुमा अनुदान उपलब्ध गराईनेछ ।
- खेलकुद विकासका लागि आवश्यक खेल मैदान, खेलकुद सामाग्री, पोशाक तथा पूर्वाधार विकासका लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा खेलकुदको भौतिक र संस्थागत क्षमता विकासको लागि वार्षिक रुपमा एउटा महत्वपूर्ण खेलकुद प्रतियोगिता संचालन गर्ने नीति तर्जुमा गरिनेछ ।
- पालिका भित्रका बेरोजगार तथा शैक्षिक बेरोजगार युवाहरुलाई सकेसम्म पालिका भित्रै स्वरोजगारमुलक कार्यक्रम संचालन गरी कार्यान्वयनमा ल्याईनेछ ।
- पालिका भित्रका युवा तथा सबै वर्गका नेतृत्वदायी पंक्तिलाई लक्षित गरी "जीवन रुपान्तरण" सम्बन्धीको विशेष तालिम संचालन गर्न आवश्यक बजेटको तर्जुमा गरिनेछ ।

## (ग) पूर्वाधार विकास तर्फ

१. सडकतथा पुल (झोलुंगे पुल समेत)

- गाउँपालिका भित्र यातायात सम्बन्धीको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरि लागू गरिनेछ ।
- गाउँपालिका यातायात गुरुयोजना (RMTMP)को प्राथमिकतामा परेका सडक आयोजनाहरुलाई प्राथमिकतामा राखी वजेट विनियोजन र कार्यान्वयन गरिनेछ ।
- बारेकोट गाउँपालिकालाई जुन सडक मार्गले पहिले छुन्छ, सोही मार्गलाई अगाडी बढाउन प्राथमिकता दिईनेछ ।
- बारेकोट गाउँपालिका भित्र सडकको पहुँच पुगिसकेपछि प्रत्येक वडा, वस्तीमा सडक संजाल विस्तार गर्ने नीति लिईनेछ ।
- नलसिंहगाड जलविद्युत्त परियोजनाको जलासय स्थललाई मध्यनजर गरी आगामी ५ वर्ष भित्र बारेकोट चक्रपथ निर्माणका लागि गुरुयोजना निर्माण गरिनेछ ।
- गाउँपालिका भित्रका पर्यटकिय पैदल मार्ग, जिर्ण अवस्थामा रहेका गोरेटो तथा घोरेटो बाटोलाई प्राथमिकतामा राखी यसै आर्थिक वर्षमा निर्माण कार्य शुरु गर्ने नीति लिईनेछ ।
- पालिका भित्र आवश्यक पर्ने सम्पूर्ण वेलिव्रिज निर्माणका लागि यसै आवमा डिपिआर तयार गर्ने ।
- पालिका भित्रका सबै वडा वस्तीलाई जोड्ने गरी आवश्यक स्थानमा झोलुगें पुल तथा काठेपुल निर्माणलाई पहिलो प्राथमिकतामा राखिने छ ।
- सडकले पुर्‍याएको वातावरणीय क्षती न्यूनिकरणको लागि सम्बन्धित योजनाबाट निश्चित रकम विनियोजन गरी वातावरण संरक्षण कोष स्थापना र सुदृढ गरिनेछ ।
- जोखिमयुक्त अवस्थामा रहेका झोलुंगेपुलको मर्मतको लागि विशेष पहल गरिनेछ ।

२. सिंचाई

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नायकवाडा, बारेकोट ६ नं. प्रदेश, नेपाल

२०७८।०३।२६ कार्यकारी अधिकृत

Generated by CamScanner

- बारेकोट गाउँपालिका भित्र सिंचाई योग्य जमिनको पहिचान गरी आवश्यकताका आधारमा साना सिचाई, मझौला सिचाई, प्लाष्टिक पोखरी सिचाई, थोपा सिचाई प्रणाली, आधुनिक सिचाई प्रणाली तथा ठुला सिचाई आयोजना संचालन गर्नका लागि यसै आर्थिक वर्ष भित्र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरिनेछ।
- सिंचाईलाई कृषि प्रणालीसँग आवद्ध गर्नआवश्यकता अनुसार साना तथा मझौला सिंचाई आयोजनाहरु क्रमश: संचालन गर्दै लगिनेछ।
- गाउँपालिकाभित्र रहेका सार्वजनिक जग्गा र जलश्रोत (खानेपानी र सिंचाई) को लगत अद्यावधिक गर्ने कार्यलाई गाउँपालिका मार्फत नै गर्ने गराउने नीतिलाई निरन्तरता दिइनेछ।
- बाँझो तथा खेती योग्य जमिनमा सिंचाईको व्यवस्था मिलाउने नीति अवलम्वन गरिनेछ।

**३. भवन तथा सहरी विकास**

- गाउँपालिका भित्र निर्माण गर्नुपर्ने सम्पुर्ण भवनहरुको डिपिआर तयार गरी यसै आव भित्र निर्माण कार्य प्रारम्भ गरिनेछ।
- गाउँपालिका भित्रका भवनहरु निर्माण गर्दा यसै आव देखि पूर्णरुपमा भुकुम्प प्रतिरोधात्मक तथा गाउँपालिकाको भवन आचार संहिता अनुसार मात्र भवन निर्माण गर्ने नीतिलाई लागू गराईनेछ।
- गाउँपालिकाको भवन, विषयगत कार्यालयहरुको भवन, वडा कार्यालयहरुको भवन लगायत पालिका भित्रका भवनहरु निर्माणका लागि जग्गाको पहिचानका आधारमा प्राथमिकिकरण गरी यसै आव बाट निर्माण प्रारम्भ गर्ने गरी आवश्यक पर्ने बजेटको तर्जुमा गर्न पहिलो प्राथमिकता दिईनेछ।

**४.ऊर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक ऊर्जा समेत)**

- बारेकोट गाउँपालिका भित्रका निर्माणाधीन तथा निर्माण गरिएका लघु जलविद्युत आयोजनाहरु संचालन हुन नसक्नुको अवस्थालाई मध्येनजर गरी हालसम्मका सम्पूर्ण आयोजनाहरुको उपभोक्ता समिति भंग गरी सो ठाउँमा बारेकोट पालिका स्तरीय अधिकार सम्पन्न विद्युत विकास समिति निर्माण गरी सम्पन्न हुन नसकेका आयोजना सम्पन्न गर्न तथा निर्माण भई जिर्ण रहेका आयोजनाहरु संचालनमा ल्याउन पर्याप्त बजेट व्यवस्था सहित कार्यविधि निर्माण गरी यसै आर्थिक वर्ष भित्र सम्पूर्ण आयोजनाहरु संचालन गर्न एकमुष्ट बजेट तर्जुमा गरिनेछ। साथै यस अधिकार सम्पन्न विद्युत्त विकास समितिको माताहतमा रहने गरी प्रत्येक आयोजनाको उपसमिति निर्माण गरी जिम्मेवारी प्रदान गरिनेछ।
- ग्रामीण तथा सामुदायिक विद्युतिकरणको विकास र विस्तारमा विशेष जोड दिंदै सार्वजनिक निजि तथा समदुायको साझेदारीमा विद्युत उत्पादन प्रणाली तथा नविकरणीय उर्जा प्रयोगलाई जोड दिइनेछ।
- गाउँपालिका भित्र रहेका विभिन्न सरकारी तथा गैरसरकारी निकायको कार्यालय संचालन गर्न ऊर्जा सहयोग पुर्‍याउन तथा अति आवश्यक र अति विपन्न परिवारका लागि वैकल्पिक ऊर्जा सँग अनुदान सहित सौर्य ऊर्जा माग गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

**५. संचार**

- नेपाल टेलिकमको (पि.एस.टि.एन.) ल्यान्डलाईन सेवा, नमस्ते (जि.एस.एम.) सेवा संचालन तथा स्काई फोन सेवालाई भरपर्दो वनाउनका लागि यसै आर्थिक वर्षमा आवश्यक पहल थालिनेछ।
- गाउँपालिका भित्र आवश्यक परेको ठाउँमा ब्रोडव्यान्ड ईन्टरनेट सेवा संचालनका लागि आवश्यक सहयोग गर्ने नीति लिईनेछ।
- गाउँपालिकामा सुचना र संचारको आवश्यकतालाई मध्येनजर गर्दै एफएम रेडियो संचालनका लागि आवश्यक परामर्श तथा सहयोग तर्जुमा गर्ने नीति यसै आर्थिक वर्ष भित्र लिईनेछ।
- वर्तमान अवस्थामा अनलाईन मिडियाको आवश्यकता र मागलाई मध्येनजर गर्दै अनलाईन मिडिया तथा पत्रिका संचालनका लागि प्रोत्साहन गर्ने नीति लिईनेछ।
- सूचना तथा संचार नीति, २०७१ लाई विशेष प्राथमिकताका साथ कार्यान्वयमा लगिने छ।
- गाउँपालिकातहमा स्थानिय संचारकर्मीहरुको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

**(घ) वातावरण तथा विपद व्यवस्थापन**

**१. वन तथा भु संरक्षण**

- विकास योजना संचालन गर्दा वातावरणीय प्रभाव मुल्यांकन गर्ने परिपाटीलाई निरन्तरता दिई प्रभावकारी कार्यान्वयन गरिनेछ।

बारेकोट गाउँपालिका कार्यपालिकाको कार्यालय नायकवाडा, ६ नं. प्रदेश, नेपाल

कार्यकारी अधिकृत

Generated by CamScanner

- स्थानीय निकायहरुमा वातावरणमैत्री स्थानीय शासन अवलम्वन गर्ने कार्यलाई कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँपालिकामा हाल भैरहेको वन अतिक्रमण, अव्यवस्थित बसोवास र आगलागीलाई सरोकारवालाको सहयोगमा नियन्त्रण गरिनेछ ।
- जलवायू परिवर्तनको नकारात्मक असरलाई न्यूनिकरण गर्न अनुकुलनका कार्यक्रमहरुलाई तिव्रताका साथ कार्यान्वयन गरिनेछ ।
- विश्वमा नै दुर्लभ वन्यजन्तु रेडपाण्डा, वनस्पती तथा जैविक विविधता र सुनगिद्ध, हिमालि गिद्ध जस्ता लोपोन्मुख पंक्षी तथा जीवहरुको संरक्षणमा विशेष जोड दिइनेछ ।
- गाउँपालिकामा रहेका वहुमूल्य जडिवुटी तथा तिनको व्यवस्थित उपयोग, विकास र संरक्षणमा प्राथमिकता दिइनेछ ।
- नदि नियन्त्रण तथा स्रोत संरक्षणका लागि स्थानीय अनुकूलन कार्य योजना अनुसार श्रोत संरक्षण, तटवन्ध निर्माण तथा व्यापक वृक्षारोपण कार्यक्रमलाई अगाडि वढाईनेछ ।
- सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रमको प्रभावकारीतामा जोड दिइनेछ ।
- वन उपभोक्ता महासंघ, गाउँपालिका वन कार्यालय तथा सम्बन्धित सरोकारवालाको साझेदारीमा जडिवुटी उत्पादनमा जोड दिइनेछ र प्रशोधन केन्द्र स्थापना गर्न यसै आ.व. भित्र पहल गरिनेछ ।

## २. जलाधार संरक्षण

- गाउँपालिकामारहेकाजलाधारक्षेत्रकोसर्वेक्षण गरी सीमांकन गरिनेछ ।
- निजी जग्गामा कृषि बन प्रणालीको विकास गरिनेछ ।
- अम्रिसो, बाँस, निगालो लगायतकावोट विरुवाहरुको वृक्षारोपणलाई प्रभावकारी ढंगले अगाडी वढाईने छ ।
- गाउँपालिका अन्तरगत भू-संरक्षण सम्पर्क व्यक्ति तोकिनेछ ।
- कृषिवन प्रणालीलाई प्रोत्साहन गर्न उपभोक्तालाई प्राविधिक तथा आर्थिक सहयोग गरिनेछ ।
- खनिज उत्खनन् कार्यको व्यवस्थापन गरी बन संरक्षण गरिनेछ ।

## ३ वातावरण संरक्षण

- एक घर, दुई फलफुल वोटविरुवा रोप्ने कार्यलाई अभियानका रुपमा लिईनेछ ।
- फोहरमैला (शिशा तथा प्लाष्टिक) को उचित व्यवस्थापन गरिनेछ ।
- प्लाष्टिक झोला निषेधित गाउँपालिका घोषणा गरिनेछ ।
- घरभित्रको धुँवारहित गाउँपालिका घोषणा गरिनेछ ।
- गाउँपालिकामा सरसफाई अभियान चलाईनेछ ।
- वरपिपल लगायत अति महत्वपूर्ण वोटविरुवाको वृक्षारोपणलाई प्राथमिकता दिईनेछ ।

## ४.जलवायू परिवर्तन

- स्थानीय अनुकूलन गुरु योजना तयार गरी संचालनमा ल्याईनेछ ।
- अनुकूलन योजनामा विभिन्न क्रियाकलापहरु संचालन गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- जलवायू परिवर्तन अनुकुलन सम्वन्धी सचेतनामुलक गतिविधि संचालन गरिनेछ ।

## ५. फोहरमैला व्यवस्थापन (Sanitary Land fill sites)

- वारेकोट गाउँपालिकालाई पूर्ण रुपमा फोहरमैला मुक्त गाउँपालिकाको रुपमा विकसित गर्न विस्तृत गरुयोजना निर्माण गरी प्रत्येक वडा वस्तीलाई फोहरमैला मुक्त वडा वस्ती निर्माण गर्न कार्ययोजना संचालनमा ल्याईनेछ ।

## ६. जल उत्पन्न प्रकोप नियन्त्रण

- नगरउन्मुख वडा र गाउँपालिका क्षेत्र भित्रको जमीनमा भैरहेको खण्डीकरणलाई रोकी व्यवस्थित शहरीकरणका लागि हाल कायम रहेको मापदण्डमा सुधार गर्न पहल गरिनेछ ।
- गाउँपालिकाका ठूला पहिरोहरु नियन्त्रणको लागि विशेष पहल गरिनेछ ।
- नदीले कटान गरेको र पहिरोले जोखिम पुर्‍याएको जमिन र वस्तीको पहिचान गरी विशेष सुरक्षाको नीति लिईनेछ ।
- संभावित पहिरोको जोखिम तथा नदीको कटान जोखिमलाई पूर्व मुल्यांकन गरी न्युनिकरण र नियन्त्रण गर्न विशेष कार्यक्रम लागू गरिनेछ ।

२०७८/०३/२६
कार्यकारी अधिकृत

Generated by CamScanner

### ७. विपद् व्यवस्थापन, वारुण यन्त्र संचालन

- विपद् व्यवस्थापन कार्यविधि २०७१ लाई पुर्ण कार्यान्वयनमा जोड दिइनेछ ।
- आपतकालीन उद्धार र राहतलाई व्यवस्थित बनाउन पालिका केन्द्र र प्रत्येक वडामा ११ वटा गोदाम घर र प्रत्येक वडामा हेलिप्याड निर्माण गरिनेछ ।
- गाउँपालिका विपद पूर्व तयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ ।
- प्रकोप व्यवस्थापन कार्यमा गाउँपालिका स्थित सम्वन्धित सरकारी र गैरसरकारी संस्थाहरुलाई समन्वयात्मक रुपमा परिचालन गर्नुका साथै न्युनतम उद्धार सामाग्रीको व्यवस्था गरिनेछ ।
- विपद्मा परेका नागरिकहरुलाई उद्धार गर्न तथा न्युनतम राहत सुविधा प्रदान गर्न पालिका स्तरीय विपद् व्यवस्थापन कोष खडा गर्ने नीति लिईनेछ ।
-

### (ङ) सार्वजनिक सेवा प्रवाह तथा संस्थागत विकास तर्फः

**१. सामान्य सेवा**

- नागरिकको सामान्य भन्दा सामान्य सेवा प्रवाहलाई अति सरल, सुलभ, चुस्त तथा छिटो छरितो बनाउनका लागि नागरिकमैत्री सेवा प्रवाह गर्ने नीतिलाई प्रमुख प्राथमिकतामा राखिनेछ ।

**२. सुरक्षा व्यवस्थापन**

- गाउँपालिका भित्रका नागरिक, व्यक्तिगत तथा सार्वजनिक सम्पत्ति, प्राकृतिक स्रोत, साधन र सम्पत्तिको सुरक्षा व्यवस्थापन गर्नुपर्ने विषयको अध्ययन गरी कार्ययोजना संचालन गर्न एक विस्तृत गुरु योजना निर्माण गर्ने लक्ष्य लिईनेछ ।

**३. सूचना प्रविधि**

- गाउँपालिकाको सम्पुर्ण गतिविधिहरु ईन्टरनेट मार्फत सार्वजनिक गर्नका लागि कार्यालयको वेवसाईट निर्माण गरिनेछ ।
- कार्यालयको सम्पुर्ण कामकाज व्यवस्थित तथा छिटो छरितो र सरल बनाउन कम्प्युटरमा आधारित प्रविधिलाई प्राथमिकता दिईनेछ ।
- गाउँपालिकावाट प्रवाह गरिने छुट्टा छुट्टै सेवाको सोही अनुसार सफ्टवेयर निर्माण गरी कार्यसंचालन गरिनेछ ।

**४. पञ्जिकरण व्यवस्थापन**

- गाउँपालिकावाट प्रवाह गरिने पञ्जिकरण सम्वन्धीका सम्पुर्ण कार्यहरु व्यवस्थित गर्न एक छुट्टै सफ्टवेयर निर्माण गरी कार्यसंचालनमा ल्याईनेछ ।

**५. तथ्यांक संकलन र अभिलेख व्यवस्थापन**

- गाउँपालिका सूचना तथा अभिलेख केन्द्रलाई गाउँपालिका सूचना वैंकको रुपमा व्यवस्थित गर्ने नीतिलाई अवलम्वन गरिनेछ
- कार्यालयवाट सम्पादन हुने कार्यहरुलाई आधुनिक सूचना प्रणालीमा आवद्ध गराई थप पारदर्शितामा अभिवृद्धि गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा क्रियाशिल संचार क्षेत्रको विकासमा टेवा पुर्याई स्थानीय विकासका गतिविधिलाई गाउँपालिकावासी समक्ष सहज रुपमा संप्रेषण गर्न स्थानीय संचार माध्यमसँग सहकार्यमा जोड दिइनेछ ।

**६. सुशासन प्रवर्द्धन**

- गाउँपालिका कार्यालयको विद्यमान संगठन संरचनालाई प्रभावकारी, समयसापेक्ष सुदृढिकरण गरिनेछ ।
- गाउँपालिकामा संचालन हुने कार्यक्रमहरुलाई अझ प्रभावकारी र पारदर्शी बनाउन अनुगमन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण जस्ता कयाकलापहरुलाई निरन्तरता दिइनेछ ।

- उपभोक्ता समिति, गैरसरकारी संस्था, सहकारी तथा संघसंस्थाहरुको कार्यसम्पादनमा प्रभावकारीता अभिबृद्धि गर्न अनुगमन तथा निरीक्षण प्रक्रियालाई प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकाको योजना प्रक्रियालाई व्यवस्थित गर्न, प्रवाह गरिने सेवा, सुविधालाई छिटो छरितो र गुणस्तरीय बनाउन र आवश्यक सूचनाहरुको उपलब्धतालाई सुनिश्चित गर्न वडाहरुको स्रोत नक्सा, गाउँपालिका गरिवी नक्शांकन तथा विश्लेषण पद्धती, गाउँपालिका र विषयगत कार्यालयहरुको नागरिक वडापत्रको पुनरावलोकन, गुनासो सुन्ने र सूचना अधिकारीको व्यवस्था र गाउँपालिका पार्श्वचित्र (Rural Municipality PROFILE)को निर्माण गरिनेछ।
- ५ लाख भन्दा बढीको योजना निर्माण गर्दा सूचना वा होर्डिङ्ग बोर्ड अनिवार्य रुपमा राख्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।
- गाउँपालिकाको आन्तरीक आय बृद्धिको लागि कर योग्य बस्तुहरुलाई करको दायरामा ल्याउने कार्यलाई सशक्त पार्दै गाउँपालिकाको राजस्व प्रक्षेपण सम्बन्धमा अध्ययन गरी आन्तरीक आय बृद्धि गर्ने नीति लिइनेछ ।
- नागरिकको पक्षमा छिटो छरितो, सुलभ ढंगले सेवा प्रवाह गर्ने नीतिलाई आत्मसात गर्दै भ्रष्टाचार नियन्त्रण गर्ने नीतिलाई कडाईका साथ लागू गरिनेछ ।

### ७. अनुसन्धान तथा विकास

- बारेकोटको समग्रका विकास लागि विभिन्न क्षेत्रका संभावना अध्ययन गरी निर्माण र विकासको संभाव्यता पहिल्याउनका लागि विस्तृत गुरु योजना तयार गर्न एक विज्ञ परामर्शदाता छनौट गरी पाँच वर्षे गुरु योजना तयार गरिनेछ ।

### ८. अन्यत्र वर्गिकरण नभएको क्षेत्रहरु

- नलसिंहगाड हाइड्रो पावर कम्पनी लिमिटेड जल विद्युत्त आयोजना अन्तर्गत बारेकोट गाउँपालिका अत्यधिक प्रभावित भएको हुदा यस क्षेत्रका नागरिकको हक र अधिकारको न्यायोचित सुनिश्चितताका लागि आयोजनासँग उचित समन्वय गरी आयोजना अन्तरगत मानव संसाधान विकासका लागि यसै पालिका भित्रबाट हुने गरी ८० प्रतिशत तथा आयोजनाबाट प्रभावित नागरीकहरुका लागि शेयरमा अनिवार्य निशुल्क तथा पालिका भित्रका नागरीकका लागि ५० प्रतिशत सुनिश्चितता गरिनेछ ।
- बारेकोट पालिकामा समुदायको आवश्यकता अनुसार भौतिक पुर्वाधार तथा सामुदायिक विकासका कार्यक्रम अनिवार्य सहयोगका लागि नलसिंहगाड हाईड्रो पावर कम्पनी लिमिटेड जल विद्युत्त आयोजनासँग समन्वय गरिनेछ ।

बारेकोट गाउँ कार्यपालिकाको कार्यालय, नायकवाडा, जाजरकोट, ६ नं. प्रदेश, नेपाल, २०७४

२०७४।०३।२६ कार्यकारी अधिकृत

# बजेट बक्तव्य

गाउँ सभाका अध्यक्ष ज्यु, सभाका सदस्य ज्यूहरु, कार्यपालिकाका कार्यकारी प्रमुख ज्यु, सम्पुर्ण पत्रकार मित्रहरु, सम्पुर्ण कर्मचारी साथीहरु, लगायत उपस्थित सम्पुर्ण कार्यपालिकाका सदस्य ज्युहरु,

आज वारेकोट गाउँपालिकाको दोस्रो गाउँ सभाको सन्दर्भमा वारेकोट गाउँपालिकाको आर्थिक वर्ष ०७४।०७५ को वजेट, योजना तथा कार्यक्रम सार्वजनिक गर्न पाउँदा म निकै नै हर्षित छु ।

वारेकोट गाउँपालिकाको समृद्धि र समग्र विकासका लागि गाउँपालिकाको वजेट, योजना तथा कार्यक्रम मार्फत समृद्ध र विकाससील बारेकोट निर्माण गर्ने पथमा हिडाउने महत्वपुर्ण भुमिका खेल्न पाउँदा म व्यक्तिगत रुपमा गर्वको महशुस गर्दछु ।

जाजरकोट जिल्ला आफैमा पिछडिएको जिल्ला हो । त्यसमा पनि कर्णालीको जुम्ला र डोल्पा जिल्लासँग जोडिएको वारेकोट क्षेत्र राज्यबाट सँधै नजर अन्दाज गरिएको ठाउँ हो । राज्य मात्रै होईन जिल्लाले पनि वारेकोटलाई सँधै उपेक्षा गरिरह्यो । विकासका नाममा आउने वजेट कर्मचारी र केही ठालुहरुको मिलेमतोमा कागजी योजना वने र कार्यान्वयन भए तर वास्तविक वारेकोटी जनताले अनुभूति गर्नसक्ने खालको विकास कहिल्यै भएन ।

यद्यपी वारेकोटमा प्रकृतिले वरदान स्वरुप दिएका थुप्रै संभावनाहरु हामीसँग छन् । जल, जंगल, जडिवुटी लगायत थुप्रै प्राकृतिक स्रोतहरु परिचालन गर्न सकेमा अवको केही वर्षपछि हाम्रो वारेकोट गाउँपालिका विकासका क्षेत्रमा कायापलट गर्न सकिन्छ भन्ने बुझाई अनुसार स्वभाविक रुपमा वारेकोट गाउँपालिकाको आवश्यकता र जनताको विकासको माग अनुरुप बजेट विनियोजन गरिएको व्यहोरा अनुरोध गर्न चाहान्छु ।

आदरणीय, दिदीवहिनी तथा दाजुभाईहरु,

आगामी आर्थिक वर्ष ०७४।०७५ को लागि प्रस्तावित वजेट योजना तथा कार्यक्रमले निम्न वमोजिमका मूलभूत विषयहरुलाई समेटेको व्यहोरा यस सम्मानित सभामा अनुरोध गर्न चाहन्छु ।

**आर्थिक वर्ष ०७४/०७५ को पुँजीगत तर्फ**

**क. चालु तर्फ**

आर्थिक वर्ष २०७४।०७५ का लागि चालु तर्फ कुल ४ करोड ६ लाख ४३ हजार १५ रुपैया विनियोजन गरेको छु ।

**ख. पुजीगत तर्फ**

त्यसैगरी पुँजीगत तर्फ १६ करोड १६ लाख ९३ हजार ७ सय ७९ रुपैया विनियोजन गरेको छु ।

**१. आर्थिक विकास तर्फ**

कृषि र पशु तर्फ एकमुष्ट ८० लाख रकम विनियोजन गरेको छु । त्यस्तै पर्यटन तर्फ ६ लाख, सहकारी तथा वित्तिय तर्फ १२ लाख गरी आर्थिक विकास तर्फ जम्मा ९८ लाख रकम विनियोजन गरेको छु ।

**२. सामाजिक विकास तर्फ**

वारेकोटको समग्र शिक्षा सुधार र स्तारोन्नतीका लागि १ करोड ६८ लाख विनियोजन गरेको छु । स्वास्थ्य तर्फ १ करोड ४ लाख, खानेपानी तथा सरसफाई तर्फ १ करोड ८२ लाख, लैंगिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत सुत्केरी सहुलियत भत्ता, वृद्ध उपचार सहुलियत, अपागंता भएका नागरिक तथा एकल महिला, आमा कार्यक्रम र स्वयंसेविका सहुलयित भत्ताको लागि एकमुष्ट ६२ लाख ५० हजार र संस्कृति प्रवर्धनका लागि ३४ लाख ९० हजार रकम विनियोजन गरेको छु ।

Generated by CamScanner

### ३. पूर्वाधार तर्फ

कुनैपनि ठाउँको समग्र विकासको मेरुदण्ड भनेको पूर्वाधार हो । पूर्वाधारको विकास नभई गाउँपालिकाको विकास हुदैन भन्ने मान्यता अनुरुप पूर्वाधारको विकासको लागि बढी जोड दिएको छ । जस अन्तर्गत सडक तथा पुलका लागि २ करोड १३ लाख ५० हजार बजेट विनियोजन गरेको छु । सिंचाई सुविधा विस्तार तथा मर्मतका लागि १० लाख, भवन तथा सहरी विकासका लागि १ करोड ५८ लाख, ऊर्जा, लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा समेतका लागि १ लाख ९५ हजार बजेट विनियोजन गरेको छु । त्यसैगरी बारेकोटको संचार पहुँच विस्तार र क्षमता विकासका लागि १७ लाख बजेट विनियोजन गरेको छु ।

### ४. वातावरण तथा विपद् व्यवस्थापन तर्फ

बारेकोट गाउँपालिकामा बढ्दो वन अतिक्रमण, मानवीय तथा प्राकृतिक प्रकोपले हुने भूक्षयलाई नियन्त्रण गर्न १० लाख रकम विनियोजन गरेको छु । त्यसैगरी वातावरण र जलवायू अनुकुलताका लागि ३६ लाख रकम विनियोजन गरेको छु । पालिका भित्रको फोहोर मैला व्यवस्थापन गर्नका लागि ४ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

पालिका भित्र विभिन्न समयमा आईपर्ने जल उत्पन्न प्रकोप, बाढी, पहिरो नियन्त्रणका लागि ३२ लाख रकम विनियोजन गरेको छु । त्यसैगरी प्राकृति विपत्तिका कारण जनधनको क्षति न्युनिकरण गर्न तथा राहतका लागि ३३ लाख रकम विनियोजन गरेको छु ।

### ५. सार्वजनिक सेवा प्रवाह तथा संस्थागत विकास तर्फ

सामान्य सेवाका लागि ३९ लाख ५० हजार, सुरक्षा व्यवस्थापनका लागि २२ लाख ९६ हजार, सुचना प्रविधिका लागि ३ लाख, पन्जीकरण व्यवस्थापनका लागि ९ लाख, तथ्यांक संकलन र अभिलेख व्यवस्थापनका लागि ५ लाख, सुशासन प्रवर्धनका लागि ५ लाख तथा अन्य क्षेत्रमा वर्गीकरण नभएका अनुसन्धान, विकास, भिडियो श्रव्य दृष्य तथा चेतनामुलक कार्यक्रमका लागि ९ लाख रकम विनियोजन गरेको छु ।

### ग. सशर्त अनुदान तर्फ

त्यसैगरी सशर्त अनुदान तर्फ ६ करोड ७० लाख १२ हजार रकम विनियोजन गरेको छु । यस अन्तर्गत शिक्षा र स्वास्थ्यका स्विकृत नियमित कार्यक्रमहरु संचालन हुनेछन् ।

### घ.सामाजिक सुरक्षा तर्फ

आगामी आ.व.०७४।०७५ का लागि सामाजिक सुरक्षा भत्ता तर्फ जम्मा अनुमानित २ करोड ९ लाख ७४ हजार ८ सय रकम विनियोजन गरेको छु ।

### ङ. गैरसरकारी संघ संस्थाको तर्फबाट गाउँपालिकामा हुने विनियोजित बजेट

त्यसैगरी आ.व. २०७४।०७५ का लागि ग्रामीण एकिकृत विकास केन्द्र, पाँचतारा युवा संरक्षण मन्च, पहाडी क्षेत्र विकास अभियान, सामुदायिक विकास कार्यक्रम, युनिसेफ, डाँफे युवा क्लव लगायतका गैसस मार्फत विनियोजित कुल १ करोड ४५ लाख ४२ हजार ६ सय ३० रुपैया स्विकृत गरेको छु ।

यस हिसाबले बारेकोट गाउँपालिकाको लागि आगामी आर्थिक वर्ष २०७४/०७५ का लागि कुल बजेट ३० करोड ४८ लाख ६६ हजार २ सय २४ रुपैया विनियोजन गरेको छु ।

**(जसमा आगामी आ.व. को कुल राजश्व ९ लाख रुपैयाँ कुल बजेटमा समावेश गरिएको छ ।)**

२०७४/०३/२६ कार्यकारी अधिकृत

Generated by CamScanner

गाउँ कार्यपालिकाको कार्यालय, नायकवाडा, जाजरकोट, ६ नं. प्रदेश, नेपाल

०३।२९ कार्यकारी अधिकृत

**आदरनीय दाजुभाई तथा दिदीबहीनीहरु**

माथि विनियोजित वजेट अन्तर्गत बस्ती, वडा तथा विषयगत र एकीकृत हुदै प्राथमिकतामा परेका योजनाहरुको सफल कार्यान्वयनका लागि डिजाईन स्टिमेट, विस्तृत परियोजना प्रतिवेदनका आधारमा यहाँहरु सबैको रचनात्मक सुझाव, कार्यपालिकाको पूर्ण बैठकबाट पारदर्शी र सबै वडा वस्तीमा सन्तुलित रुपमा वजेट खर्च गर्न आवश्यक कार्यविधि, नीति नियमहरु निर्माण गरि कार्यान्वयन गर्ने व्यवस्था गर्नेछु ।

अन्त्यमा, प्रस्तावित बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव प्रदान गरी सहयोग गर्नुहुने सम्पुर्ण वौद्धिक वर्ग, विषयगत समितिका सदस्य ज्युहरु, एकीकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु, कार्यपालिकाका सदस्य ज्युहरु, वडा वडापालिकाका सदस्यज्यूहरु तथा सम्पूर्ण बारेकोटवासीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुऱ्याउने अपेक्षा गरेको छु । प्रस्तावित कार्यक्रमबाट गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा गुणात्मक सुधार आई सुशासन बृद्धिमा सहयोग पुग्नेविश्वास लिएको छु ।

आर्थिक वर्ष ०७४।०७५ को बजेट योजना तथा कार्यक्रमको कार्यान्वयनमा बारेकोट वासी नेपाल सरकार, राजनीतिक दलहरु, नागरिक समाज, गैन्ह सरकारी संघ-संस्था, वैदेशिक दातृ संस्था र कर्मचारी लगायत सबैबाट सहयोगको अपेक्षा राखेको छु ।

**धन्यवाद ।**

**ओमा शाही, उपाध्यक्ष तथा बारेकोट गाउँपालिका, जाजरकोट**

**मार्फत**

**बसन्त शाही, बारेकोट गाउँपालिका ,गाउँसभा सदस्य**

**२०७४ असार ३० गते**

निर्णय नं. ५

प्रस्ताव नं. ५माथी व्यापक छलफल गर्दा वस्ती हुँदै वडा परिषद् विभिन्न विषयगत निकायमार्फत इन्टी भई आएका योजनाहरु उपर व्यापक छलफल गरि प्राथमिकताका आधारमा एकिकृत गरिएका योजनाहरु पास गर्ने निर्णय गरियो पास गरिएका योजनाहरुमा बजेट विनियोजन र कार्यान्वयन गर्न गाउँसभाको अनुमोदन का लागि सिफारिस गर्ने — निर्णय गरियो ।

०७४/३।२८ गते देखी संचालित भएको यो बैठक आज ०७४/०३।२९ गते दिउसो २ बजे दु सम्पन्न भयो।

०३।२९

प्रमाणिकरण मिती-२०७४।०३।२९
प्रमाणिकरण गर्ने-आमर ब० घर्ती